मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल


# कृषि तथा पशुपन्छी फर्म सुचिकृत तथा सुचिकृत नविकरण सम्वन्धि सूचना !!!

सूचना नं.: २-२०८१/०८२ (पशु सेवा)

सूचना प्रकाशन मितिः २०८१/०४/२३

(ने.सं. ११४४ गुँलाथ्व ३, बुधबार)

मेलम्ची नगरपालिका, पशु सेवा शाखाले चालु आर्थिक वर्ष २०८१/०८२ मा नगरक्षेत्रभित्र संचालनमा रहेका कृषि तथा पशुपन्छी फर्महरुको अभिलेख अध्यावधिक गर्नका लागि व्यवसाय सुचिकृत गर्नुपर्ने भएकाले विभिन्न निकायमा दर्ता कायम रहि संचालनमा रहेका कृषि तथा पशुपन्छी फर्महरुले अघिल्लो आ.ब.मा सुचिकृत नभएकाको हकमा नयाँ व्यवसाय सुचिकृत गर्न र अघिल्लो आ.ब.हरुमा सुचिकृत भएकाको हकमा सुचिकृत नविकरण गर्नका लागि तपसिलमा उल्लेखित कागजात सहित मेलम्ची नगरपालिका, पशु सेवा शाखामा निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

<u>आवश्यक कागजातहरु:</u>

१. तोकिएको ढाँचामा निवेदन

२. संचालकको नेपाली नागरिकताको फोटोकपी-१ प्रति

३. फर्म दर्ता प्रमाणपत्रको फोटोकपी-१ प्रति

४. प्यान दर्ता प्रमाणपत्रको फोटोकपी-१ प्रति

५. कर चुक्ता प्रमाणपत्रको फोटोकपी-१ प्रति

६. मालपोत तथा सम्पत्तीकर तिरेको रसिदको फोटोकपी-१ प्रति

७. फर्म तथा संस्थाको छाप

थप जानकारीका लागिः मेलम्ची नगरपालिकाको वेबसाइट www.melamchimun.gov.np वा www.melamchikrishi.gov.np मा हेर्नुहुन वा मेलम्ची नगरपालिका, पशु सेवा शाखा वा कृषि विकास शाखा वा एकिकृत सेवा केन्द्रमा सम्पर्क राख्न सक्नुहुनेछ ।

२०८१/०४/२३

ऋपेन्द्रराज खरेल
प्रशासकीय अधिकृत




फोन नं. :+977-011-401089, 011-401141, 011-401142 ईमेल: info@melamchimun.gov.np वेवसाईट: www.melamchimun.gov.np